**आज मिति २०७६ कार्तिक २१ गते माण्डवी गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।**

**प्रस्तावहरु**

१. नर्सरी व्यवस्थापनका लागि नर्सरी नाईकेको विज्ञापन गर्ने सम्बन्धमा ।

२.पशु सेवा शाखाको कार्यालय सहयोगी पदको विज्ञापन गर्ने सम्बन्धमा ।

३. नयाँगाउँ वडा कार्यालयको सामाजिक परिचालक पदको विज्ञापन गर्ने सम्बन्धमा ।

४. पालिकास्तरिय वाश योजना तयार गर्ने सम्बन्धमा ।

५.पालिकास्तरिय खानेपानी,सरसफाई तथा स्वच्छता समितिको गठन सम्बन्धमा ।

७. भुक्तानी दिने सम्बन्धमा ।

८. आर्थिक सहायतता सम्बन्धमा ।

९. भकारो सुधार कार्यक्रम सम्बन्धमा ।

१०. विविध ।

निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको स्याउलिघारी स्थित नर्सरी व्यवस्थापनका लागि मासिक रु ८०००।- को पारिश्रमिक दिई आवश्यक प्रक्रिया पुऱ्याई विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको कार्यालयको पशु सेवा शाखाको पूर्व कार्यालय सहयोगी श्री रेशम बहादुर थापाको अनिवार्य अवकाश भई त्यस कार्यालय सहयोगी पद रिक्त भएकाले सो पदको आवश्यक प्रक्रिया पूरा गरि विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं.३ माथि छलफल गर्दा नयाँगाउँ वडा कार्यालयको सामाजिक परिचालकको पदको पनि आवश्यक प्रक्रिया पुरा गरि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं.४ माथि छलफल गर्दा गाउँपालिका स्तरिय वाश योजना तयार गरि २०७७ असार महिनामा हुने गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं.५ माथि छलफल गर्दा तपशिल अनुसारको पालिकास्तरिय खानेपानी,सरसफाई तथा स्वच्छता समितिको गठन गर्ने निर्णय गरियो ।

तपशिल

१.श्रीधर रोका - अध्यक्ष
२. मुगा पुन मगर - सदस्य
३.चिन्त बहादुर के.सी- सदस्य
४.तुल बहादुर थापा - सदस्य
५. डम्बर बहादुर पौडेल - सदस्य
६. हेमराज वली - सदस्य
७. दुर्गा प्रसाद आचार्य - सदस्य
८.देवीस्थान प्रहरी प्रमुख - सदस्य
१०. शिसिर रिजाल - सदस्य
११. ध्रुब कुमार पोखेल - सदस्य

निर्णय नं.६. प्रस्ताव नं.६.माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको कृषि शाखाको एक गाउँ एक प्राविधिक तर्फको ना.प्रा.स. श्री शान्ता पोखेलको स्वेच्छीक रुपमा राजिनामा दिई सो पद रिक्त रहेकाले सो पदमा आवश्यक प्रक्रिया पुरा गरि विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.७. प्रस्ताव नं.७.माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाले आफ्नो कार्यालय देवीस्थानबाट जस्पुर सर्ने क्रममा पाटेसन, एअर कन्डिशन फर्निसिङ्ग, फर्निचर आदि खर्चहरुको बिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.८. प्रस्ताव नं.८.माथि छलफल गर्दा राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको प.सं २०७६/०७७ च.नं. ३६ मिति २०७६/०४/०२ को पत्रानुसार राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल जिल्ला कार्य समिति प्यूठानको छैटो जिल्ला अधिवेशनका लागी रु. २०,०००।- चालु खर्च अन्तर्गतको अन्य सहायता खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.९. प्रस्ताव नं.९.माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा सघीय सरकारको शर्शत अनुदान तर्फको भकारो सुधार कार्यक्रम खर्च शिर्षकको लागी प्रत्येक वडामा रु. १०,०००।- का दरले ६ वटा भकारो सुधार कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०. प्रस्ताव नं.१०.माथि छलफल गर्दा तपशिलका विषयमा निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) यस माण्डवी गाउँपालिकाको पशु सेवा शाखाको १० जनालाई ७५,०००।- का दरले व्यवसायीक पशुपालक कृषकलाई अनुदान दिन सूचना आह्वान गर्ने निर्णय गरियो । साथै ३ जना व्यवसायिक मासु पसलेहरुलाई रु. २५,०००।- दरले अनुदान दिन सूचना आह्वान गर्ने निर्णय गरियो ।

(ख) यस गाउँपालिका अन्तर्गत कृषि विकास शाखाको आ.व. २०७६/०७७ को तपशिलका सेक्टरहरुमा अनुदान वितरण गरिने कार्यक्रम अनुसार देहायका परिणाम र रकम अनुदान दिने निर्णय गरियो ।

तपशिल

| सि.नं. | कार्यक्रम | परिणाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | तरकारी/फलफुल | १० | ७५,०००।- | |
| २. | कृषि यान्त्रिकरण | | | |
| (क) | मिनि टिलर | २ | ६०,०००।- | |
| (ख) | रोटामेट | २ | | |
| (ग) | डिजिटल ब्यालेन्स | | | |

(ग) माण्डवी गाउँपालिका वडा नं. ३ वडा कार्यालय नयाँगाउँ अन्तर्गत बेदि आपदेखि चिउरिरुख सम्म जाने बारि सिंचाई कुलो पक्कि निर्माणका लागि रु. १ लाख भैपरी आउने पुंजिगतबाट खर्च गर्ने निर्णय गरियो ।

(घ) नेपाल पत्रकार महासंघ प्यूठान शाखाले यस माण्डवी गाउँपालिकामा संचालन गर्न लागेको युवा शसक्तिकरणका लागि संचार अभियान नेतृत्व विकास तथा आधारभुत तालिमका लागी रु. २ लाख रुपिया सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

(ङ) यस माण्डवी गाउँपालिकाको महिला शाखाको बाल समुह गठन तथा सहजीकरण निर्देशिका २०७६ पारित गर्ने निर्णय गरियो ।

शिशिर
प्रमुख प्रशासकीय अधिकृत